# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## संज्ञानात्मक क्षमताहरूको मूल्याङ्कन (Cognitive Abilities Test® वा CogAT)

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

CogAT संज्ञानात्मक क्षमताहरूको मूल्याङ्कन (Cognitive Abilities Test®) का लागि लेखिने संक्षिप्त शब्द हो, जसले विद्यार्थीले सिकेको तर्क दिने क्षमताहरू मापन गर्छ । CogAT मा तीन खण्ड (मौखिक जाँच, परिमाणसम्बन्धी जाँच, र अमौखिक जाँच) मा बाँडिएका बहु विकल्प भएका प्रश्नहरू हुन्छन् । प्रत्येक खण्डमा तीनवटा जाँच हुन्छ र सबै खण्ड मिलाएर जम्मा नौवटा जाँच हुन्छ । मौखिक जाँचले विद्यार्थीको खोज, पुन: प्राप्ति, र तुलना गर्ने क्षमतालाई मूल्याङ्कन गर्छ । परिमाणसम्बन्धी जाँचले अवधारणा प्रयोग गरेर ढाँचा र सम्बन्धको बारेमा विद्यार्थीको तर्क दिने क्षमतालाई मूल्याङ्कन गर्छ ।  अमौखिक जाँचले स्थानिक र लाक्षणिक सामग्री प्रयोग गर्ने नयाँ खालका प्रश्नहरूमा विद्यार्थीको तर्क दिने क्षमतालाई मूल्याङ्कन गर्छ ।

निरीक्षकबाट मौखिक रूपमा प्रश्नहरू प्राप्त गर्ने ग्रेड 1 का विद्यार्थीहरू बाहेक, अरू सबै खण्डका जाँचहरू 10 मिनेटका लागि तय गरिन्छ । विद्यार्थीहरूले जबाफ बुझाउनु अघि उत्तर पुनरावलोकन गर्ने अवसर पाउँछन् ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

Exceptional Children’s Educational Act (ECEA) पालना गर्नलाई, Gifted and Talented (GT) विभागले उत्कृष्ट शिक्षा सेवाहरू आवश्यक पर्ने विद्यार्थीहरू पहिचान गर्ने प्रमाणको समूहको एउटा हिस्साको रूपमा CogAT लाई प्रयोग गर्छ । CogAT Gifted and Talented Department मा आवेदन बुझाएका ग्रेड 1, 3, 4, 5, र 7 का विद्यार्थीहरूका लागि प्रबन्ध गरिन्छ । आवेदन बुझाउने अन्तिम म्याद अक्टोबरको सुरु तिर हुन्छ ।

परीक्षण अनलाइन ढाँचामा हुन्छ र पूरा गर्न लगभग 2 घण्टा समय लाग्छ । CogAT त्यस्तो परीक्षा होइन जसको अध्ययन गरेर तयारी गर्न सकिन्छ वा गर्नु पर्दछ । बच्चाले पर्याप्त आराम पाएका छन्, बिहान राम्रो खाजा खाएका छन् भनेर सुनिश्चित गरेर तपाईं आफ्नो बच्चालाई सहयोग गर्न सक्नुहुन्छ र उनीहरूलाई सकेसम्म प्रयास गर्न प्रोत्साहित गर्नुहोस् ।

**परीक्षण अवधिहरू**

तपाईंले तपाईंको विद्यार्थीको विद्यालयमा परीक्षण मिति भन्दा अगाडि परीक्षा र मितिको तालिका भएको “परीक्षणको आशय” पत्र प्राप्त गर्नुहुनेछ । निश्चित परीक्षण मितिका लागि कृपया आफ्नो बच्चाका शिक्षकलाई सम्पर्क गर्नुहोस् । CogAT परीक्षण नोभेम्बरको सुरु तिर विद्यालयमा आयोजना गरिनेछ ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

बच्चाको CogAT का अङ्कहरू शतांशमा प्रदान गरिन्छ जसले तपाईंको विद्यार्थीको नतिजा U.S. जनसङ्ख्यालाई प्रतिनिधित्व गर्ने समान उमेर वा ग्रेड समूहका विद्यार्थीहरूसँग तुलना गर्छ । शतांश स्थानले समान उमेरका कति प्रतिशत विद्यार्थीहरूले तपाईंको विद्यार्थीसँग समान वा विद्यार्थी भन्दा कम अङ्क प्राप्त गरे भनेर तपाईंलाई बताउँछ । उदाहरणको लागि, कुनै विद्यार्थीले 90 औं शतांश स्थानमा अङ्क प्राप्त गरे भने त्यसको अर्थ उसले समान उमेर वा ग्रेडका 90% विद्यार्थीहरू बराबर वा त्यो भन्दा भन्दा राम्रो अङ्क प्राप्त गरे भन्ने हुन्छ । शतांश स्थान 1 देखि 99 अङ्कको दायरा भित्र पर्छ र 50 औं शतांश अङ्क सोही विद्यार्थीको उमेर समूहका लागि औसत अङ्क हुन्छ ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

यो मूल्याङ्कनको प्रयोजन भनेको गुणवान् विद्यार्थी पहिचान गर्न सहयोग गर्ने प्रमाणहरूको समूह निर्माण गर्न धेरै भन्दा धेरै जानकारी र तथ्याङ्क सङ्कलन गर्नुका साथै गुणवान् विद्यार्थीको म्याग्नेट साइट कार्यक्रमहरूको योग्यताको सम्बन्धमा शैक्षिक भर्नाका उपयुक्त निर्णयहरू गर्न प्रेरित गर्नु हो । यी अङ्कहरू प्रमाणहरूको समूहका लागि सङ्कलन गरिएको जानकारीको हिस्सा हुन् । यसको मतलब भनेको एउटा परीक्षणको अङ्कले मात्र विद्यार्थी गुणवान् र प्रतिभाशाली हुन भनेर पहिचान गर्दैन ।

गुणवान् विद्यार्थी पहिचान गर्ने कार्य प्रमाणहरूको समूहमा आधारित हुनु पर्छ, जसमा मानकीकृत मूल्याङ्कनका नतिजाहरू माथिल्लो स्तरहरूमा हुनु जरुरी हुन्छ । प्रमाणहरूको समूहको विकास अभिभावकको अनुरोध आवश्यक नपर्ने चालू प्रक्रिया हो । प्रमाणहरूको समूहमा अनिवार्य रूपमा माथिल्लो स्तरका क्षमताहरू प्रदर्शन गर्ने निम्न मापदण्डको सम्मिश्रण हुनु पर्दछ: कामको पोर्टफोलियो, अङ्कसम्बन्धी निर्देशिका, प्रदर्शन, अवलोकनहरू, जाँचसूची र/वा अन्तर्वार्ताहरू । विद्यार्थीका शैक्षिक आवश्यकताहरू र गुणवान् विद्यार्थीको सहयोगको सबैभन्दा उपयुक्त स्तर निर्धारण गर्न सबै जानकारी उच्च योग्यता भएको टोलीद्वारा पुनरावलोकन र मूल्याङ्कन गरिन्छ । आवश्यकताको स्तर अनुसार तपाईंका विद्यार्थीले गुणवान् विद्यार्थीलाई प्रदान गरिने सेवाहरूको योग्यता पूरा गर्न वा नगर्न सक्छन् ।

विद्यार्थीहरूलाई तीनवटा श्रेणिहरूमा पहिचान गरिन सक्छ: शैक्षिक योग्यता, विशिष्ट प्रतिभासम्बन्धी योग्यता, वा साधारण बौद्धिक क्षमता शैक्षिक क्षेत्रहरूमा :पठन, लेखन, गणित, विज्ञान, सामाजिक अध्ययन तथा विश्व भाषा पर्छन् । प्रतिभासम्बन्धी योग्यतामा दृश्य तथा प्रदर्शनी कला, सङ्गीत, नृत्य, मनोप्रेरणा, रचनात्मकता र नेतृत्व क्षमता पर्छन् । विद्यार्थीहरूलाई एक भन्दा बढी क्षेत्रहरूमा पनि पहिचान गरिन सक्छ ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

गुणवान् र प्रतिभाशाली विद्यार्थीको पहिचान, Denver Public Schools मा प्रदान गरिएको गुणवान् विद्यार्थीसम्बन्धी सेवाको विश्वव्यापी परीक्षण प्रक्रिया वा स्तरहरूको बारेमा थप जानकारीका लागि कृपया आफ्नो विद्यार्थीका विद्यालयका गुणवान् र प्रतिभाशाली विद्यार्थी हेर्ने शिक्षकलाई सम्पर्क गर्नुहोस् वा Gifted and Talented Department को निम्न वेबसाइट हेर्नुहोस् । http://gt.dpsk12.org

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।